# बुंङ्गल नगरपालिकाको १८ औ नगरसभाका अध्यक्ष ज्यू, नगरसभाका सदस्य ज्यूहरु

१. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम नगरसभाको उपाध्यक्ष एवम् बुंङ्गल नगरपालिकाको उप-प्रमुखको हैसियतले आर्थिक वर्ष २०८३/०८४ को आय-व्यय यस सम्मानित सभामा पेश गर्न पाँउदा गौरव महसुस गरेको छु। यस अवसरमा राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

२. प्रस्तुत बजेट तथा कार्यक्रम निर्माण गर्दा नेपालको संविधान, राज्यका निर्देशक सिद्धान्तहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, १६ औ योजना, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, बुंङ्गल नगरपालिकाको आवधिक योजना, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त सुझाव तथा बुंङ्गल नगरपालिकाको आ. व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रमलाइ प्रमुख आधारका रुपमा लिइएको छ।

३. सिँहदरवारको अधिकार गाउँ-गाउँमा पुगेको अनुभूति गराउने जिम्मेवारमा स्थानीय सरकारहरु रहेका छन् । स्थानीय तहले खर्च गर्नु पर्ने क्षेत्र र जिम्मेवारी अधिक रहको तर नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम न्यून रहेको तथा हाम्रो जस्तो स्थानीय तहमा आन्तरिक राजश्वका श्रोतहरु ज्यादै न्युन रहेको परिप्रेक्ष्यमा आम्दानी र खर्च बीच ज्यादै ठुलो खाडल रहेको छ। स्थानीय जनताहरुका आधारभूत आवश्यकता र असिमित चाहनाहरु वीच सामञ्यस्यता मिलाउदै उपलब्ध श्रोतहरुलाई प्राथमिकीकरण गरी सार्थक प्रतिफल प्राप्त गर्नुपर्ने चुनौति हाम्रा सामु विद्यमान रहेको छ।

४. स्वास्थ्य, शिक्षाको क्षेत्रमा आमूल परिवर्तन, उद्यमशिलता प्रवर्द्धन, रोजगारी सिर्जना, आर्थिक वृद्धि एवं सुशासन हासिल गर्ने उदेश्यका साथ निर्माण गरिएको आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु।

**सभाका अध्यक्ष ज्यू, नगर सभाका सदस्य ज्यू**

अव म बुंङ्गल नगरपालिकाको आर्थिक अवस्था र चालु आ.व. को बजेट तथा कार्यक्रम कार्यान्वयनको संक्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

५. आ. व. २०८२/२०८३ को कुल विनियोजित बजेट रु. ७२ करोड ४६ लाख २१ हजार ९ सय ९७ रहेकोमा चालु तर्फ ५३ करोड ८८ लाख २६ हजार ९ सय ९७ र पूजिगत तर्फ रु. १८ करोड ५७ लाख ९५ हजार विनियोजन भएको थियो।

६. २०८३ जेठ मसान्तसम्म जम्मा खर्च ४८ करोड ६६ लाख ६६ हजार ५ सय ६७ (६७.१६%) रहेको छ जसमा चालु तर्फ ३९ करोड १६ लाख ९३ हजार ४ सय ९० (७२.६९%) र पूजिगत तर्फ ९ करोड ४९ लाख ७३ हजार (५१.११%) खर्च भएको देखिन्छ।

७. चालु आर्थिक वर्षमा नेपाल सरकारबाट समानीकरण अनुदान तर्फ रु १५ करोड ५३ लाख प्राप्त हुने अनुमान गरिएकोमा २०८३ जेठ मसान्तसम्म रु ११ करोड १ लाख ६४ हजार ५ सय ५८ खर्च भएको छ, समपूरक अनुदान तर्फ रु. १ करोड २२ लाख अनुमान गरिएकोमा खर्च भएको छैन, विशेष अनुदान तर्फ रु. ९७ लाख प्राप्त हुने अनुमान गरिएकोमा खर्च भएको छैन। सशर्त अनुदान तर्फ रु. ३२ करोड ८८ लाख प्राप्त हुने अनुमान गरिएकोमा रु. २५ करोड ३४ लाख ८४ हजार २ सय १३ खर्च भएको छ।

८. चालु आर्थिक वर्षमा प्रदेश सरकारबाट समानीकरण अनुदान तर्फ रु. १ करोड ४४ लाख ९६ हजार प्राप्त हुने अनुमान गरिएकोमा २०८३ जेठ मसान्तसम्म रु ७७ लाख ९३ हजार ६ सय ४८ प्राप्त भएको छ। समपूरक अनुदान तर्फ रु १ करोड ५ लाख अनुमान गरिएकोमा रु १५ लाख ४८ हजार, विशेष अनुदान तर्फ रु. ८० लाख प्राप्त हुने गरिएकोमा रु २ लाख र सशर्त अनुदान तर्फ रु ६५ लाख प्राप्त हुने अनुमान गरिएकोमा ५२ लाख ३० हजार ८ सय ८६ मात्र प्राप्त भएको छ।

९. यसै गरि चालु आर्थिक वर्षमा राजश्व वाँडफाँडमा संघीय सरकारबाट रु १३ करोड ६० लाख ८९ हजार ३ सय ८९ प्राप्त हुने अनुमान गरिएकोमा रु. ८ करोड १७ लाख ३८ हजार ६२ र प्रदेश सरकारबाट राजश्व बाँडफाँडमा रु. ५२ लाख ४८ हजार प्राप्त हुने अनुदान गरिएकोमा रु. ३७ लाख २४ हजार प्राप्त भएको छ।

१०. चालु आर्थिक वर्षमा आन्तरिक राजश्वबाट रु ८९ लाख प्राप्त हुने अनुमान गरिएकोमा २०८३ साल जेठ मसान्तसम्म रु ३० लाख ४६ हजार ९ सय ७३ प्राप्त भएको छ।

११. समग्र देशको आर्थिक स्थितिमा समस्या देखा परेका कारण चालु आर्थिक वर्षमा अनुमानित आय अनुरुपको बजेट निकासा हुन सकेको अवस्था छैन।

१२. चालु आर्थिक वर्ष २०८२/०८३ का प्रायः सवै जसो योजनाहरुमा सम्पन्न हुने भएका छन। लक्ष्य अनुसारको आन्तरिक राजश्व, अनुदान, राजश्व अनुदान, राजश्व बाँडफाँड लगायतका विभिन्न निकायहरुबाट प्राप्त हुने अनुदान प्राप्त भएको छैन।

**सभाका अध्यक्ष ज्यू, सभाका सदस्यहरु**,

१३. बुंङ्गल नगरपालिकाको आन्तरिक श्रोत वृद्धिका लागि अधुरा रहेका कामहरु सम्पन्न गरि आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत क्षेत्रको विकास गर्ने गरी आर्थिक वर्ष २०८३/०८४ को बजेटका मुख्य उदेश्य तथा प्राथमिकता निर्धारण गरेको छु।

## बजेटका उदेश्यहरुः

क. उपलब्ध श्रोत, साधन, अवसर र क्षमताको उच्चतम उपयोग गर्दै समतामूलक विकास गर्नु।
ख. शिक्षा, स्वास्थ्य, कृषि र भौतिक पूर्वाधारका विकासमा लगानी अभिवृद्धि गरि दिर्घकालिन र योजनाबद्ध विकासमा जोड दिनु।
ग. आन्तरिक राजश्व परिचालन, आन्तरिक आम्दानीका श्रोतहरुको परिचालन गरी वित्तिय क्षमता वृद्धि गर्नु।
घ. नागरिकका मौलिक हकहरुको संरक्षण गर्दै आधारभूत आवश्यकता परिपुर्तिमा जोड दिनु।

## बजेटका उदेश्य पुरा गर्न गरिएका प्राथमिकताका क्षेत्रहरुः

क. आन्तरिक श्रोत परिचालन अभिवृद्धि
ख. कृषि क्षेत्रको विविधिकरण, आधुनिकीकरण र वैज्ञानिकीकरण
ग. पर्याप्त दक्ष जनशक्तिको विकास गरी सवै नागरिकको स्वास्थ्य सेवामा पहुँच
घ. शैक्षिक क्षेत्रको विकास, वृहत शैक्षिक सुधार कार्यक्रम र आधुनिक शिक्षा प्रणालीको विकास
ङ. दिगो, गुणस्तरिय, प्रतिफलमुखी र वातावरणमैत्री भौतिक पूर्वाधार विकास

**सभाका अध्यक्ष ज्यू, सभाका सदस्य ज्यूहरु**

अव म आगामी आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय र व्यय संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहान्छु।

१४. आर्थिक वर्ष २०८३/०८४ का लागि नेपाल सरकारबाट वित्तिय समानीकरण अनुदान तर्फ १५ करोड ७६ लाख, राजश्व वाँडफाँडबाट रु १३ करोड २८ लाख ६६ हजार, समपूरक अनुदान तर्फ रु १ करोड ३९ लाख विशेष अनुदान तर्फ रु ८० लाख र सशर्त अनुदान तर्फ रु ३५ करोड १२ लाख प्राप्त हुने अनुमान गरिएको छ।
१५. यसै गरी प्रदेशसरकारबाट समानीकरण अनुदान तर्फ रु १ करोड ४८ लाख  २० हजार, राजश्व वाँडफाँड तर्फ रु ५४ दाख ६५ हजार, समपूरक अनुदान तर्फ रु. ८९  लाख १७ हजार, विशेष अनुदान तर्फ५१ लाख, सशर्त अनुदान तर्फ ५७ लाख प्राप्त हुने अनुमान गरिएको छ भने बुंङ्गल नगरपालिकाको आन्तरिक आम्दानि १ करोड ६० लाख, हाइड्रोपावर रोयल्टीबाट रु १ करोड ८ लाख ७९ हजार अनुमान गरी बुंङ्गल नगरपालिकाको स्थानीय  सञ्चित कोषमा जम्मा रु ७८ करोड १७ लाख ४७ हजार रकम आय अनुमान गरिएको छ।

**अब म विभिन्न विषय क्षेत्रगत कार्यक्रम तथा बजेट विनियोजन प्रस्ताव गर्न चाहन्छु।**

१६. शिक्षा क्षेत्रको आमूल परिवर्तन र शैक्षिक सुधारका लागि शिक्षा युवा तथा खेलकुदको क्षेत्रमा रु २ करोड बजेट २७ लाख विनियोजन गरेको छु र MBBS छात्रवृतिको लागि रु. ५ लाख वजेट विनियोजन गरेको छु।

१७. स्वास्थ्य सेवामा नागरिकको सहज पहुँचका लागि विविध कार्यक्रमहरु सञ्चालनका साथै विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। १५ सैयाको अस्पताल सञ्चालनमा ल्याइनेछ। स्वास्थ्य तथा सरसफाई क्षेत्रका लागि रु २ करोड २० लाख बजेट विनियोजन गरेको छु। आयूर्वेद शाखा सञ्चालन तथा व्यवस्थापनको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु।

१८. कृषि क्षेत्रलाइ बुंङ्गल विकासको मुख्य क्षेत्रका रुपमा विकास गर्नको लागि कृषि तथा सहकारी क्षेत्रमा रु १० लाख र पशुपालन विकास क्षेत्रमा १५ लाख वजेट विनियोजन गरेको छु।

१९. लैङ्गिक समाता, महिला शशक्तिकरण, बाल संरक्षण तथा सामाजिक सुरक्षाका विभिन्न कार्यक्रम सञ्चालनका लागि रु. २५ लाख वजेट विनियोजन गरेको छु।

२०. १४ वटा मा.वि. ५ वटा स्वास्थ्य संस्था ११ वटा वडा कार्यालय, आयुर्वेद कार्यालयमा इ हाजिरी जडान तथा ड्रोन क्यामेरा खरिद गर्न र नगरपालिकामा डिजिटल नागरिक वडापत्र राख्नको लागि २० लाख विनियोजन गरेको छु।

२१. कार्यालय सञ्चालन तथा कर्मचारी तलव भत्ता, जनप्रतिनिधि सेवा सुविधाका लागि रु १३ करोड ९५ लाख ८० हजार विनियोजन गरेको छु।

२२. विभिन्न आयोजनाको समपूरक तथा अन्य लागत साझेदारीका लागि रु २ करोड ६२ लाख वजेट विनियोजन गरेको छु।

२३. रोजगार तथा विभिन्न सीप मूलक कार्यक्रमहरु सञ्चालनको लागि रु १० लाख विनियोजन बजेट विनियोजन गरेको छु।

२४. वडाका लागि पूजिगत तथा विकास खर्च तर्फ एकमुष्ट ६ करोड ६० लाख विनियोजन गरेको छु।

२५. पूर्वाधार शाखा अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालनको लागि रु ५ लाख विनियोजन गरेको छु।

२६. जिल्ला विपद व्यवस्थापन समितिबाट निर्देशित कार्यक्रमहरुलाइ व्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ। नगर तथा वडामा विपद व्यवस्थापन कोषको लागि एकमुष्ट रु ८० लाख विनियोजन गरेको छु।

२७. पञ्जिकरण शाखा र राजश्व शाखा अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालनको लागि पाँच/पाँच लाख गरी जम्मा १० लाख बजेट विनियोजन गरिको छु।

२८. नगर प्रमुख योजनामा रु ८० लाख, नगर उपप्रमुख योजनामा ६० लाख र कार्यपालिका सदस्य ६५ लाख बजेट विनियोजन गरेको छु।

२९. योजनाका कार्यहरुलाइ व्यवस्थित र पारदर्शी गराउन सप्टवयर खरिद तथा मध्यकालिन खर्च संरचना निर्माणका लागि रु ८ लाख बजेट विनियोजन गरेको छु।
३०. न्यायिक समितिमा दर्ता हुने मुद्धा मामिलालाइ व्यवस्थित बनाउन तथा न्यायिक समिति अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गर्न रु ५ लाख विनियोजन गरेको छु।
३१. दलित हक अधिकार समितलाइ व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि रु १० लाख विनियोजन गरेको छु।
३२. स्थानीय सेवाका बुंङ्गल नगरपालिकाका स्थायी वहालवाला कर्मचारी, अवकाश प्राप्त कर्मचारी र निजको परिवारको कल्याणकोषको लागि कल्याणकारी कोषमा रु. ५ लाख विनियोजन गरेको छु।
३३. आखा शिविर सञ्चालनको लागि रु २ लाख ५० हजार वजेट विनियोजन गरेको छु।
३४. कृषि संकलन केन्द्र स्थापनाको लागि रु १६ लाख विनियोजन गरेको छु।

## यस सम्मानित सभाका अध्यक्ष ज्यू र सदस्य ज्यूहरुः

३५. नेपाल सरकारवाट प्राप्त हुने समानिकरण अनुदान, समपुरक अनुदान सशर्त अनुदान र विशेष अनुदानका साथै प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, समपूरक अनुदान, सशर्त अनुदा र विशेष अनुदानको बजेट र रोयल्टी तथा आन्तरिक श्रोतको बजेट यस सम्मानित सभाले ग्रहण गर्नको लागि प्रस्ताव पेश गर्न चाहान्छु। यस गरिमामय सभामा पेश भएको बजेटमा खुलेर छलफल गरी सकरात्मक सुझाव दिइ अघि बढाउन हुन सम्पूर्ण नगरसभा सदस्यज्यूहरु समक्ष हार्दिक अनुरोध गर्दछु।
३६. अनाथलयको लागि रु १५ लाख विनियोजन गरेको छु।
३७. त्रिवेणी आधारभूत क्याम्पस सञ्चालन तथा व्यवस्थापनको लागि रु १५ लाख विनियोजन गरेको छु।

१५ सैयाको अस्पतालको जग्गाको मुआव्जा बितरणको लागि रु २५ लाख विनियोजन गरेको छु

३८. प्रस्तावित बजेटको प्रभावकारी कार्यान्वयन मार्फत पारदर्शिता मितव्ययिता र नतिजामुखी विकासलाइ शुनिश्चित गरिनेछ। बजेट कार्यान्वयनमा जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा आमनागरिकको सहकार्यको अपेक्षा गरिएको छ ।
३९. चालु आर्थिक वर्षको अन्तमा भएको आए व्ययको अवस्था सहित आ.व. २०८३/०८४ को अनुमानित आय व्यय मिलान गरी बजेट पुस्तिका तयार गरी उपलब्ध हुनेछ।
४०. अन्त्यमा बजेट निर्माण प्रक्रियामा सहयोग गर्नु हुने सम्पुर्ण जनप्रतिनिधि, कर्मचारी, विषयगत समिति राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी तथा आम नागरिक प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। प्रस्तुत बजेट माथि रचनात्मक सुझाव तथा समर्थनको अपेक्षा गर्दै यस सम्मानित नगरसभामा प्रस्तुत गर्दछु ।

धन्यवाद।

अनुसूची – १

| अनुदान शिर्षक | श्रोत | आ.व. अनुसार प्राप्त अनुदान र विनियोजन बजेट | | |
|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| सशर्त अनुदान | नेपाल सरकार | ३५ करोड ७४ लाख ९४ हजार | ३२ करोड ८८ लाख | ३५ करोड १२ लाख |
| | प्रदेश सरकार | १ करोड २७ लाख ५० हजार | १ करोड ४४ लाख ९६ हजार | ५ करोड ७० लाख |
| | जम्मा | | | |
| विशेष अनुदान | नेपाल सरकार | १ करोड ५० लाख | ९७ लाख | ८० लाख |
| | प्रदेश सरकार | ८० लाख | ८० लाख | ५१ लाख |
| | जम्मा | | | |
| समपूरक अनुदान | नेपाल सरकार | ० | १ करोड २२ लाख | १ करोड ३९ लाख |
| | प्रदेश सरकार | १ करोड ४४ लाख ९० हजार | १ करोड ५ लाख | ८९ लाख १७ हजार |
| | जम्मा | | | |
| राजश्व बाँडफाँड | नेपाल सरकार | १४ करोड २ लाख | १३ करोड ६० लाख ८९ हजार ३ सय ८९ | १३ करोड २८ लाख ६६ हजार |
| | प्रदेश सरकार | ७५ लाख ९५ हजार | ५२ लाख ४४ हजार | ५४ लाख ६५ हजार |
| | जम्मा | | | |
| समानीकरण अनुदन | नेपाल सरकार | १४ करोड १२ लाख | १५ करोड ५३ लाख | १५ करोड ७६ लाख |
| | प्रदेश सरकार | १ करोड ३६ लाख | १ करोड ४४ लाख ९६ हजार | १ करोड ४८ लाख २० हजार |
| | जम्मा | | | |
| हाइड्रोपावर रोयल्टी | अन्य | ६८ लाख ५० हजार २ सय १९ | १ करोड ८७ हजार | |
| आन्तरिक श्रोत | नगरपालिका | ३८ लाख ७६ हजार ६ सय ४४ | ८९ लाख | १ करोड ६० लाख |
| कुल जम्मा | | | | ७८ करोड १७ लाख ४७ हजार |
| व्याय अनुमान अनुसूची २ | | | | |

अनुसूची – २

आर्थिक वर्ष २०८३/०८४ को व्यय अनुमान

| क्र.स. | शिर्षक | विनियोजन |
|---|---|---|
| १. | कार्यालय सञ्चालन तथा कर्मचारी त.भ. | १३ करोड ८० लाख ८० हजार |
| २. | वडा स्तरिय आयोजना | ६ करोड ६० लाख |
| ३. | समपूरक आयोजनाहरुमा लागत साझेदारी | २ करोड ६२ लाख |
| ४. | शिक्षा, युवा तथा खेलकुद शाखा | २ करोड २७ लाख |
| ५. | आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा | २ करोड २० दाख |
| ६. | कृषि विकास तथा सहकारी शाखा | १० लाख |
| ७. | पशुपंक्षि विकास शाखा | १५ लाख |
| ८. | भौतिक पूर्वाधार शाखा | ५ लाख |
| ९. | महिला, वालवालिका तथा जेष्ठनागरिक शाखा | १० लाख |
| १०. | रोजगार तथा उद्यम विकास केन्द्र | १० लाख |
| ११. | सूचना प्रविधि शाखा | २०लाख |
| १२ | विपद व्यवस्थापन कोष | ८० लाख |
| १३. | जग्गाको मुआब्जा वितरण | २५ लाख |
| १४. | पञ्जिकरण शाखा | ५ लाख |
| १५. | राजश्व शाखा | ५ लाख |
| १६. | दलित हक अधिकार समिति | १० लाख |
| १७. | कर्मचारी कल्याण कोष | ५ लाख |
| १८. | कृषि संकलन केन्द्र | १६ लाख |
| १९. | न्यायिक समिति व्यवस्थापन | ५ लाख |

| | | |
|---|---|---|
| २०. | आखा शिविर सञ्चालन | २ लाख ५० हजार |
| २१. | MBBS छत्रवृति | ५ लाख |
| २२. | योजना शाखा | ८ लाख |
| २३. | आयुर्वेद शाखा | ५ लाख |
| २४. | सेवा परामर्श | ५० लाख |
| २५ | नगर प्रमुख | ८० लाख |
| २६ | उप प्रमुख | ६० लाख |
| २७ | कार्यपालिका सदस्य | ६५ लाख |
| | | |

| | | |
|---|---|---|
| १ | शर्शत अनुदान नेपाल सरकार | ३५ करोड १२ लाख |
| २ | शर्शत अनुदान प्रदेश सरकार | ५७ लाख |
| ३ | विशेष अनुदान नेपाल सरकार | ८० लाख |
| ४ | विशेष अनुदान प्रदेश सरकार | ५१ लाख |
| ५ | समपुरक अनुदान नेपाल सरकार | १ करोड ३९ लाख |
| ६ | समपुरक अनुदान प्रदेश सरकार | ८९ लाख १७ हजार |
| जम्मा व्याय | | ७८ करोड १७ लाख ४७ हजार |